चंखेली गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

... ...ला

कर्णाली ... नेपाल

प.सं. २०७९/८०

च. नं.

मिति :२०८०/०१/०७

## पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालनका लागी प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८०/०१/०७**

**उपर्युक्त विषयमा महिला ,बालबालिका र किशोर किशोरीहरुमा विधमान रहेको कुपोषण लाई दीगो विकासको लक्ष्य अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारकतत्वहरु लाई वहुक्षेत्रिय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाकां मातृ शिशुहरुको पोषण अवस्थामा सुधार ल्याउन विपन्न महिला सहकारी वा समुहलाई आयआर्जनका लागि अनुदान प्रदान गर्ने उद्धेश्य अनुरुप महिला सहकारी वा समुहमा वहुक्षेत्रिय पोषण सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधी २०७८बमोजिम आयमुलक कार्यक्रम संचालन गर्न इच्छुक यस चंखेली गाउँपालिका भित्रका संचालनमा रहेका तपशिलका आधार तथा मापदण्ड पुगेका महिला सहकारी वा समुहले अनुदानका लागी आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५दिन अर्थात २०८०साल बैशाख २१ गते भित्र यस कार्यालयमा प्रस्ताब पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

आवश्यक कागजातहरु :

१ महिला सहकारी तथा समुह दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

२ महिला सहकारीको हकमा आ.व.०७९।०८० को कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदन

३ महिला समुहको हकमा एक वर्ष भित्रमा महिला सहकारीमा रुपान्तरण हुने प्रतिवद्धता पत्र

४ महिला सहकारी वा समुहको गत आ.व.२०७९।०८०को आय व्यायको विवरण

५ महिला सहकारी वा समुहले गर्न चाहेको व्यावसायको व्यावसायिकि योजना पत्र

६ स्थाइ लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि

७ कार्यसमितिको निर्णयको प्रतिलिपि

८ सम्वन्धित वडाको सिफारिस

९ २५जना विपन्न सुनौला हजार दिनका महिलाहरुलाई अनुदान प्रदान गर्नुपर्ने हुदा महिला सहकारी वा समुहमा २५ जना सुनौला हजार दिनका सदस्य रहेको हुनुपर्नेछ । साथै निवेदकको साथमा नागरिकताको प्रतिलिपि र गर्भवति भएमा स्वास्थ्य संस्थाको प्रमाणित चेक जाँच गरेको कार्ड र वच्चा जन्मेको हकमा जन्म दर्ताको प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ ।

जनक वहादुर तामाङ्ग

नि.प्रमुख प्रशासकिय अधिकृत

***नोट : :प्रस्तावनाको ढाँचा यस चंखेली गाउँपालिकाको स्वास्थ्य शाखा वा पोषण शाखामा सम्पर्क राखनुहोला ।***